प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रि-डिप्लोमा तहको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा प्रशिक्षणका लागि

## आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !

**(सूचना प्रकाशित मिति २०८२।०६।२४ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, तालीम विकास महाशाखाको समन्वयमा शैक्षिक शत्र २०८२/०८३ मा सञ्चालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रममा देहाय बमोजिमका शैक्षिक कार्यक्रम तथा कोटाहरूमा निम्न सर्तहरूको अधीनमा रही भर्नाका लागि परिषद् कार्यालयबाट औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम संचालन अनुमति प्राप्त देहायका आंगिक, साझेदार तथा TECS सामुदायिक विद्यालयहरूमा प्रशिक्षार्थी छनौट गरी भर्ना गर्नका लागि तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित शिक्षालय एवं सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**१. आवश्यक योग्यताः**

क. एस.ई.ई.वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सो परीक्षाका सम्पुर्ण बिषयको परीक्षामा सहभागि भएको हुनुपर्नेछ।

ख. तालिम लिन ईच्छुक व्यक्ति सम्बन्धित तालिम/प्रशिक्षणको लागि मानसिक र शारीरिक रूपमा रुपमा सक्षम हुनु पर्नेछ।

ग. कम्तिमा १६ बर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्नेछ।

घ. दलित, जनजाति, अपाङ्ग, मुस्लिम, मधेशी, दुर्गम क्षेत्र तथा विपन्नको हकमा सम्बन्धित स्थानीय निकायको सिफारिश पत्र हुनुपर्नेछ।

**२. परीक्षार्थी छनौटको आधारः**

योग्य र इच्छुक आवेदकहरू मध्येबाट समग्र मूल्याङ्कन १०० पुर्णाङ्क मध्ये (आवेदन फाराम मूल्यांकन—३०, उद्योग/व्यावसायको सिफारिसपत्र ३० र अन्तर्वार्ता —४०) प्राप्ताङ्कको योगफल तथा कार्यक्रम र कोटाका आधारमा योग्यताक्रमानुसार छनौट हुनेछ । साथै यस सम्वन्धी विस्तृत विवरण "**प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप)- प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०८२**" मा उल्लेख गरिएको छ । सो निर्देशिकामा व्यवस्था भए बमोजिम प्रशिक्षार्थी छनौट, भर्ना र मुल्यांकन गर्नु गराउनु हुन अनुरोध छ। उक्त निर्देशिका **https://www.ctevtexam.org.np** वा **https://www.enssure.org.np** वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

**३. औद्योगिक प्रशिक्षार्थी (Apprentice) ले पाउने सुविधाः**

(क) नि:शुल्क अध्ययनको अवसर ।

(ख) यातायात खर्च बापत प्रति प्रशिक्षार्थी प्रति हाजिरी दिन रू. १००। दरले उपलब्ध हुने ।

**४. शैक्षिक सत्र २०८२/०८३ का लागि औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम सञ्चालन गर्ने शिक्षालय/विद्यालय/ प्रतिष्ठान तथा कार्यक्रम र स्वीकृत कोटा सम्बन्धी विवरणः**

क) प्रदेश सरकारहरु (सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकार, बिराटनगर, मोरङ्ग, मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, जनकपुरधाम, धनुषा, सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकार, हेटौंडा, मकवानपुर, गण्डकी प्रदेश सरकार, सामाजिक विकास, यूवा तथा खेलकूद मन्त्रालय, पोखरा, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, देउखुरी, दाङ, कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, बीरेन्द्रनगर, सुर्खेत, सुदूरपश्चिम प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, धनगढी, कैलाली) मार्फत संचालन हुने औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम अन्तर्गतका शिक्षण संस्थाहरूः

**कोशी प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरूः**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| १. | मनमोहन स्मृति पोलिटेक्निक ईन्स्टिच्यूट, बुढीगंगा गा.पा., मोरङ्ग | साझेदार | Pre-diploma in Mechanical Engineering | २० |
| | | | Pre-diploma in Automobile Engineering | २० |
| | | | Pre-diploma in Electrical Engineering | २० |
| २. | कन्काई पोलिटेक्निक ईन्स्टिच्यूट, कन्काई न.पा., झापा | साझेदार | Pre-diploma in Information Technology | २० |
| | | | Pre-diploma in Civil Engineering (Building Construction) | २० |

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| ३. | शैलजा आचार्य मेमोरियल पोलिटेक्निक, जहदा गा.पा., मोरङ्ग | साझेदार | Pre-diploma in Information Technology | २० |
| ४. | पुष्प-धिरेन्द्र स्मृति प्रतिष्ठान, दमक न.पा, झापा | साझेदार | Pre-diploma in Information Technology | २० |
| ५. | नर बहादुर कर्माचार्य स्मृति प्रतिष्ठान बहुप्राविधिक शिक्षालय, इटहरी उ.म.न.पा., सुनसरी | साझेदार | Pre-diploma in Hotel Management | २० |
| ६. | आदर्श माध्यमिक विद्यालय, विराटनगर म.न.पा., मोरङ्ग | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| | | | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| ७. | रत्नकुमार बान्तवा बहुप्राविधिक शिक्षालय, इलाम न.पा., इलाम | आंगिक | Pre-diploma in Tea Technology | २० |
| | | | जम्मा कोटा/संख्या | २२० |

**मधेश प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरू:**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| १. | जय किसान बहुप्राविधिक शिक्षालय, देवानी गोहानी न.पा ९, रौतहट | आंगिक | Pre-diploma in Information Technology | २० |
| २. | निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिबास नगरपालिका ११, महोत्तरी | आंगिक | Pre-diploma in Hotel Management | ३० |
| ३. | लहान प्राविधिक शिक्षालय, लाहान नगरपालिका-१०, सिराहा | आंगिक | Pre-diploma in Mechanical Engineering | २० |
| ४. | दीपनारायण आदर्श नमूना मा.वि. सखुवा प्रसौनी गाउँपालिका वडा नं. ०२, औराहा पचगावा, पर्सा | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ३० |
| | | | जम्मा कोटा/संख्या | १०० |

**बागमती प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरू:**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| १. | श्री बछौली माध्यमिक विद्यालय, रत्ननगर न.पा., चितवन | TECS सामुदायिक | Pre-diploma in Hotel Management | २५ |
| २. | नारायणी बहुप्राविधिक शिक्षालय, भरतपुर म.न.पा., चितवन | आंगिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २५ |
| ३. | श्री निर्मल माध्यमिक विद्यालय, हेटौडा उ.म.न.पा., मकवानपुर | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २० |
| ४. | पनौती प्राविधिक शिक्षालय, पनौती न.पा., काभ्रेपलाञ्चोक | आंगिक | Pre-diploma in Automobile Engineering | २० |
| ५. | मदन आश्रित मेमोरियल पोलिटेक्निक इन्स्टिच्युट, कागेश्वोरी-मनोहरा न.पा., काठमाडौं | साझेदार | Pre-diploma in Hotel Management | २० |
| ६. | बुढानिलकण्ठ माध्यमिक विद्यालय, बुढानिलकण्ठ न.पा., काठमाडौं | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| ७. | वागीश्वरी माध्यमिक विद्यालय, भक्तपुर न.पा., भक्तपुर | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २५ |

| क.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| ८. | श्री भुटनदेवी माध्यमिक विद्यालय, हेटौडा उ.म.न.पा., मकवानपुर | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| ९. | श्री जनजागृति माध्यमिक विद्यालय, हेटौडा उ.म.न.पा., मकवानपुर | TECS सामुदायिक | Pre-diploma in Automobile Engineering | २० |
| १०. | नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपा नगरपालिका | आंगिक | Pre-diploma in Hotel Management | २० |
| ११. | शंखरापुर वहुप्राविधिक शिक्षालय, शंखरापुर न.पा, साँखु | आंगिक | Pre-diploma in Automobile Engineering | २० |
| १२. | श्री जनप्रिय माध्यमिक विधालय, हेटौडा उप न पा, मकवानपुर | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २५ |
| १३. | श्री लुभू माध्यमिक विद्यालय, महालक्ष्मी नगरपालिका -०८ ललितपुर | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| १४. | सिन्धुली सामुदायिक टेक्निकल इन्स्टिच्युट, कमलामाई -०६, सिन्धुली | साझेदार | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| | | | जम्मा कोटा/संख्या | ३०० |

**गण्डकी प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरूः**

| क.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| १. | निर्मल माध्यमिक विद्यालय. ब्यास न.पा.-०१ तनहुँ | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| २. | पोखरा प्राविधिक शिक्षालय, पोखरा म. न. पा. -११, कास्की | आंगिक | Pre-diploma in Hotel Management | २० |
| ३. | रणबीर जनहित माध्यमिक विद्यालय. वालिङ्ग न.पा.-०१, स्याङ्गजा | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २० |
| ४. | धौलागिरी प्राविधिक शिक्षालय, थसाङ गा.पा.-०३, मुस्ताङ | आंगिक | Pre-diploma in Hotel Management | २० |
| ५. | गण्डकी बहुप्राविधिक शिक्षालय, पोखरा महानगरपालिका-२९, कास्की | साझेदार | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| | | | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| | | | जम्मा कोटा/संख्या | १२० |

**लुम्बिनी प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरूः**

| क.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| १. | त्रिभुवन माध्यमिक विद्यालय, कोहलपुर, बाँके | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| २. | श्री आदर्श नमूना माध्यमिक विद्यालय, रासी गा.पा, लालमटिया, दाङ्ग | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| ३. | सरस्वती माध्यमिक विद्यालय, घोराही उ.म.न.पा., दाङ्ग | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| ४. | पब्लिक माध्यमिक विद्यालय, सियारी गा.पा., रूपन्देही | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| ५. | श्री शान्ति नमूना माध्यमिक विद्यालय, तिलोत्तमा न.पा., रुपन्देही | TECS सामुदायिक | Pre-diploma in Mechanical Engineering | २० |
| | | | Pre-diploma in Hotel Management | २० |

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| ६. | महाकवि देवकोटा माध्यमिक विद्यालय, सुनवल न.पा., नवलपरासी | TECS सामुदायिक | Pre-diploma in Automobile Engineering | २० |
| ७. | श्री राष्ट्रिय नमुना माध्यमिक विद्यालय, मधुवन न.पा.,बर्दिया | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २० |
| ८. | रोल्पा बहुप्राविधिक शिक्षालय, रोल्पा नगरपालिका १, रोल्पा | आंगिक | Pre-diploma in Information Technology | २० |
| ९. | जनता माध्यमिक विद्यालय, तिलोत्तमा न.पा., रूपन्देही | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| १०. | रुपन्देही लीलाराम न्यौपाने माध्यमिक विद्यालय, सिद्धार्थ नगर रुपन्देही | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| ११. | पद्मोदय पब्लिक नमूना माध्यमिक विद्यालय, घोराही , दाङ्ग | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| | | | जम्मा कोटा/संख्या | २४० |

**कर्णाली प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरूः**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| १. | पंचकोशी बहुप्राविधिक शिक्षालय, दुल्लु नपा-०८, सुर्खेत | साझेदार | Pre-diploma in Civil Engineering (Building Construction) | ३० |
| २. | महेन्द्र माध्यमिक विद्यालय, नारायण नपा-०५, सोत दैलेख | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | ३० |
| ३. | योगी नरहरी अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, बिरेन्द्रनगर नपा-०७, ईत्राम, सुर्खेत | साझेदार | Pre-diploma in Civil Engineering (Building Construction) | ४० |
| | | | जम्मा कोटा/संख्या | १०० |

**सुदूरपश्चिम प्रदेश अन्तर्गतका शिक्षालय/विद्यालय/प्रतिष्ठानहरूः**

| क्र.स. | शिक्षण संस्थाको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | औद्योगिक प्रशिक्षार्थी तालीम कार्यक्रम | कोटा / संख्या |
|---|---|---|---|---|
| १. | धनगढी पोलिटेक्निक इन्स्टिच्युट, धनगढी -०६, कैलाली | साझेदार | Pre-diploma in Hotel Management | ३० |
| | | | Pre-diploma in Automobile Engineering | २० |
| २. | पंचोदय माध्यमिक विद्यालय, धनगढी उ.म.न.पा-५, हसनपुर, कैलाली | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २० |
| ३. | सरस्वती माध्यमिक विद्यालय, धनगढी-०७, कैलाली | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | २० |
| ४. | शारदा माध्यमिक विद्यालय, धनगढी-०२, बैयावेहडी, कैलाली | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| ५. | भृकुटी माध्यमिक विद्यालय भीमदत्त-०४, कञ्चनपुर | TECS सामुदायिक | Pre-diploma in Electrical Engineering | २० |
| ६. | महेन्द्रनगर माध्यमिक विद्यालय भीमदत्त-१८, कञ्चनपुर | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | २० |
| | | | जम्मा कोटा/संख्या | १५० |

**ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, तालिम विकास महाशाखा मार्फत संचालन हुने नेपाल सरकार तर्फको औद्योगिक प्रशिक्षार्थी तालिम (Apprenticeship) कार्यक्रम अन्तर्गतका शिक्षण संस्थाहरू:**

| क्र.सं. | प्रदेश | सिफारिस शिक्षालय/ विद्यालयहरुको नाम र ठेगाना | शिक्षण संस्थाको प्रकार | सिफारिस गरेको औद्योगिक प्रशिक्षार्थी कार्यक्रम | सिफारिस गरेको कोटा/संख्या (जना) |
|---|---|---|---|---|---|
| १. | मधेश प्रदेश | श्री दीप नारायण आदर्श नमूना माध्यमिक विद्यालय, सखुवा प्रसौनी गाऊँपालिका-२, पर्सा | TECS सामुदायिक | Pre-diploma in Information Technology | ३० |
| २. | बागमती प्रदेश | श्री गम्भिर समुद्र सेतु माध्यमिक विद्यालय, महालक्ष्मी-२, इमाडोल, ललितपुर | TECS सामुदायिक | Pre-diploma in Early Childhood Development Facilitation (ECDF) | ४० |
| ३. | बागमती प्रदेश | श्री नारायणी नमूना माध्यमिक विद्यालय, भरतपुर, चितवन | TECS सामुदायिक | Pre-diploma in Information Technology | ३० |
| ४. | गण्डकी प्रदेश | शिव माध्यमिक विद्यालय, बुलिङ्टार, नवलपरासी | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | ४० |
| ५. | गण्डकी प्रदेश | श्री जनता माध्यमिक विद्यालय मगरकोट, नवलपरासी | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | ३५ |
| ५. | लुम्बिनी प्रदेश | माध्यमिक विद्यालय तुलसीपुर सेन्टर, तुलसीपुर,दाङ् | TECS सामुदायिक | Pre-diploma in Information Technology | २० |
| ७ | सुदूरपश्चिम प्रदेश | श्री सरस्वती माध्यमिक विद्यालय, धनगढी-७, मनिहरा, कैलाली | TECS सामुदायिक | Pre-diploma in Civil Engineering (Building Construction) | ३० |
| | | | | **जम्मा कोटा/संख्या** | **२२५** |

**५. आवेदन फाराम साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरू:**

आवेदन फाराम भर्दा उम्मेद्वारले तल उल्लेख भए बमोजिमका कागजातहरूको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी संलग्न राखी सम्वन्धित शिक्षण संस्थामा पेश गर्नुपर्नेछ । आवेदकले भरेका आवेदन फारामहरु ITMS Online मा तोकिए बमोजिमको समय सीमा भित्र भरी Submit गर्ने/गराउने जिम्मेवारी सम्वन्धित शिक्षालयको हुनेछ। तोकिएको न्यूनतम योग्यता नपुगेको आवेदन फाराम स्वतः रद्द हुनेछ।

क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35mmx45mm) को २ प्रति फोटो ।

ख) एस.ई.ई.वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सो परीक्षाका सम्पुर्ण बिषयको परीक्षामा सहभागि भएको लब्धांकपत्र/प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

ग) नेपाली नागरिकता वा जन्मदर्ताको प्रमाणित प्रतिलिपी ।

**६. छनौट प्रक्रिया सम्बन्धी कार्यक्रमः**

क. आवेदन फाराम खुल्ने मितिः २०८२ असोज २६ गते देखि ।

ख. आवेदन फाराम बुझाउने अन्तिम मितिः २०८२ कात्तिक २८ गतेसम्म ।

ग. आवेदन फाराम पाइने र बुझाउने स्थानः सम्वन्धित शिक्षालयहरू (प.नि.का.को **वेबसाइट** **https:/www.ctevtexam.org.np** वा **https:/www.enssure.org.np** बाट समेत Download गर्न सकिनेछ)

घ. शिक्षालयले अनलाइन ITMS मा Online Entry गर्ने अन्तिम मितिः २०८२ कात्तिक ३० गते आइतबार राती ११:५९ बजे सम्म (शिक्षालयले ITMS मा Online Entry खुलेको दिन देखी नै दैनिक रूपमा प्राप्त भएका आवेदन फारामहरूलाइ रूजु गरी ITMS Online मा अनिवार्य रूपमा Entry गर्नु गराउनु पर्नेछ) ।

ङ. अन्तरर्वार्ता हुने मिति र समयः २०८२ मंसिर १ गते सोमबार, बिहान ९:०० बजे देखि

च. अन्तरर्वार्ता संचालन हुने केन्द्रहरूः सम्बन्धित शिक्षण संस्था

**७. नतिजा प्रकाशन, भर्ना, उत्तीर्ण सूचीमा रहने परीक्षार्थी तथा पूनः भर्ना प्रक्रिया सम्वन्धमाः**

अन्तर्रवार्ता सम्पन्न भए पश्चात प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप)- प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका, २०८२ बमोजिम योग्यताक्रम निर्धारण गरी सम्वन्धित शिक्षण संस्थाले नतिजा प्रकाशन गर्नु पर्नेछ ।

भर्नाको लागि सिफारिस भएका उम्मेद्वारहरूको फोटो र सक्कल प्रमाणपत्रहरू रूजू गरी तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका प्रशिक्षार्थीहरुलाई मात्र भर्ना गर्ने जिम्मेवारी शिक्षालयका प्राचार्यको हुनेछ । झुटो विवरण वा प्रमाणपत्रहरू पेश गरी भर्ना भएको पाईएमा सो भर्ना तथा रजिष्ट्रेशन रद्द गरिने छ ।

लिखित तथा अन्तर्वार्तामा जुन कार्यक्रमका लागि सम्मिलित भएको हो त्यही कार्यक्रममा मात्र योग्यताक्रमानुसार भर्ना हुन सक्नेछ । तर एक कार्यक्रमको उत्तीर्ण सूचीमा रहेको उम्मेदवार अन्य कार्यक्रममा भर्ना हुन पाउने छैन ।

सिट रिक्त हुन गएमा उत्तीर्ण सूचीमा रहेका उम्मेद्वारहरूबाट योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ । यसरी पनि सिट पुरा नभएमा सम्वन्धित शिक्षण संस्थाले नै पूनः सूचना प्रकाशन गरी भर्ना प्रक्रिया गरी मिति २०८२ मंसिर २५ गते सम्ममा भर्ना गरिसक्नु पर्नेछ । प.नि.का.को नियमानुसार भर्ना भएका प्रशिक्षार्थीको २०८२ मंसिर मसान्त सम्ममा रजिष्ट्रेशन समेत सम्पन्न गराउनु पर्नेछ ।

**८. शुल्क सम्वन्धमाः**

परीक्षार्थीहरूबाट शिक्षण संस्थाले कुनै पनि शुल्क लिन पाउने छैन । तर सम्बन्धित शिक्षण संस्थाले प्रति परीक्षार्थी रू ५००। का दरले र सूचना प्रकाशन शुल्क बापत रू ५,०००। त्यसपछि प्रति थप कार्यक्रमको लागि रू ३,०००। का दरले एकमुष्ट रकम सम्वन्धित परिषद्, प्रदेश कार्यालयको बैंक खातामा जम्मा गर्नुपर्नेछ । र उक्त रकम पछि ENSSURE परियोजनाबाट सोधभर्ना माग गर्नुपर्नेछ ।

**नोटः** विद्यार्थी छनौट प्रकृयामा सफल गराई अध्ययनको अवसर प्रदान गराइ दिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न खोजेमा त्यसप्रति पूर्ण सचेत रही प्रशिक्षार्थी छनौट प्रकृया मर्यादित एवं निष्पक्ष रूपमा संचालन गर्न गराउन सम्बन्धित बिद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ । साथै अन्य जानकारी आवश्यक परेमा आफूले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था, परिषद्को प्रदेश कार्यालयहरू वा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ।

**यो सूचना https://www.ctevtexam.org.np वा https://www.enssure.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**